# दीर्घकालिन रणनीतिक योजना - VI
# सन् २०२३-२०२७

प्रधान कार्यालय
बडीमालिका न.पा.-९, मार्तडी, बाजुरा
सुदूरपश्चिम प्रदेश
फोनं. नं. ०९७-५४१११३
ई-मेल: peacewin1990@gmail.com/info@peacewin.org.np
वेबसाईट: www.peacewin.org.np

**रणनीतिक योजनामा सुमन शब्द**



समुदायमा आधारि समूहको रुपमा स्थापना भएको पीसविन ३३ औं वर्षमा प्रवेश गर्दा संस्थागत रुपमा छैटौं पाँच बर्षिय दीर्घकालिन योजना लागू गर्न लागेको छ । बालबालिका, महिला, युवा समुदायका साथ सहकार्य गरिहेको छ । समुदायको नेतृत्वमा २०४७ असोज १० गते 'वडा विकास कोष' को नाममा स्थापित समूह वि.सं. २०४९ पौष ५ गते जिल्ला प्रशासन कार्यालय, बाजुरामा दर्ता भएको हो । आफूले गरेको कामबाट नै सिकाइ प्राप्त गरिरहेको छ ।

ग्रामीण क्षेत्रमा विद्यमान विविध विषयक्षेत्रमा काम गरेपनि परिणामले बालबालिकाको सर्वोत्तम हित र विकास, महिलाको नेतृत्व क्षमता विकास, युवाको आत्मनिर्भतामा भएको प्राप्तिमा परिणामको मूल्याङ्कन गर्दछ । स्थापना नै सामुदायिक स्वयम्सेवा र सहभागितलाई उत्प्रेरित गदै भएको हो । बालबालिकाको हित, निर्णय प्रक्रिउामा महिला सहभागिता, सामाजिक न्याय र समानता, सबै प्रकारका विभेदको उन्मुलनका लागि पीसविनले योगदान गरिरहेको छ । पूर्ण सामाजिक रुपान्तरणका लागि गर्नुपर्ने अझै बाँकी छ ।

विगतका पाँच वटा, विशेषगरी पाँचौ दीर्घकालिन रणनीतिक योजना योजना कार्यान्वयन गर्दा प्राप्त अनुभव, सिकाइलाई विश्लेषण गर्दै रणनीतिक योजना २०२३-२०२७ तयार गरिएको छ । यस योजना तयारी प्रक्रियालाई सहभागितामुलक बनाउन पीसविन सदस्य, कर्मचारी, समुदाय र सरोकारवालासँगको छलफल गरी सुझाव संकलन गरिएको छ ।

यस योजनाले दिगो विकास लक्ष्य २०१६-२०३०, नेपाल सरकारको पन्ध्रौं योजनाका आधार, स्थानीय र प्रदेश सरकारका योजनासँग समन्वय र सहकार्य गर्ने छ । स्थानीय बालमैत्री शासन, स्थानीय तह न्यायप्रणालीको प्रभावकारीता, आर्थिक विकास, सामुदायिक शिक्षा र स्वास्थ्य, युवा स्वाबलम्वनमा जोड दिइएको छ । नेपालमा संघीय गणतन्त्रात्मक शासन व्यवस्था स्थापना भएपश्चात दोस्रो पटक २०७९ बैशाख ३० गते स्थानीय तह, २०७९ मंसिर ४ गते प्रदेश र संघीय प्रतिनिधीसभा निर्वाचन सम्पन्न भै नयाँ सरकार गठन हुनु यस रणनीतिक योजना कार्यान्वयनका लागि नयाँ अवसर रहेकोछ । यस रणनीतिक योजना तयार गर्न भौतिक सहभागिता, मौखिक, लिखित, टेलिफोनबाट सुझाव प्रदान गर्नुहुने सदस्य, कर्मचारी, शुभेच्छुक, सरोकारवालाहरुमा हार्दिक धन्यवाद व्यक्त गर्दछु । योजना कार्यान्वयनका हरेक चरणमा सबैको आर्थिक, मानवीय, भौतिक सहयोग निरन्तरताको आशा गरेको छु ।

जय अवसर, जय विकास ॥।

धन्यवाद ।

विमला थापा
अध्यक्ष

**विषय-सूची** (Contents)


भाग-१ (Part-1)

पृष्ठभूमी

१.१. परिचय (Introduction)

१.२. रणनीतिक योजनाको औचित्य (Rationale of the Strategic Plan)

१.३. रणनीतिक योजना तर्जुमा प्रक्रिया (Processes of the Strategic Plan Preparation)

१.४. रणनीतिक योजना (२०१३-२०१७) को छोटो समीक्षा (A Brief Reveiw of the Strategic Plan 2013-2018)

भाग- २ (Part- 2)

परिवेश विश्लेषण (Context Analysis)

२.१. भौगोलिक क्षेत्र (Geography)

२.२. राष्ट्रिय, अन्तराष्ट्रिय सन्दर्भ (National and International Context)

२.३. कार्यक्रम क्षेत्रको अवस्था विश्लेषण (Context of Programme Area)

२.४. पीसविनको संस्थागत विश्लेषण (PeaceWin Instituional Development)

२.५. सरोकारवाला विश्लेषण (Stakeholders Analysis)

२.५.१. राष्ट्रिय स्तरका प्रमुख सरोकारवाला (National Level Stakeholders)

२.५.२. जिल्लास्तरीय सरोकारवालाहरु (DistrictLevel Stakeholders)

२.५.३. गाउँ/नगर र समुदायस्तरका सरोकारवाला (Local Level Stakeholders)

भाग-३ (Part-3)

संस्थागत संस्कृति (Institutional Culture)

३.१. मूल्य/ मान्यताहरु (Core Values)

३.२. पीसविनका सिद्धान्तहरु (Principles of PeaceWin)

३.३. समानता र समृद्धिबारे बुझाई (Understanding on Equality and Prosperity)

३.४. कार्यक्रमका धारक (Working With)

३.५. प्राथमिकताका क्षेत्रहरु (Priorities)

भाग-४

रणनीतिक उद्देश्य र अवधारणा

४.१. परिकल्पना (Vision)

४.२. ध्यय (Mission)

४.३. लक्ष्य (Goal)

४.४. रणनीतिक विषयक्षेत्र (Strategic Themes)

४.५. रणनीतिक उद्देश्य (Strategic Objectives)

४.६. रणनीतिक आयामहरु (Strategic Approaches)

भाग-५

रणनीतिक योजना कार्यान्वयन र जोखिम विश्लेषण (Strategic Plan Implementation and Risk Analysis)

५.१. योजना कार्यान्वयन (Strategic Plan Implementaion)

५.२. जोखिम विश्लेषण र न्युनिकरण (Risk Analysis)

भाग-६

विस्तृत रणनीतिक योजना, अनुगमन तथा मूल्याङ्कन (Detail Strategic Plan Monitoring & Evaluation)

६.१. अनुगमन तथा मूल्याङ्कन (Monitoring & Evaluation)

अनुसूची १: विस्तृत कार्ययोजना (Detail Plan of Action)

## भाग - १

## पृष्ठभूमी

### १.१. परिचय

महिलाले नेतृत्व गरिरहेको, सदस्यमा आधारित सामाजिक विकास संस्था पीसविनको स्थापना वि.सं. २०४७ असोज १० गते (September 26, 1990) भएको साविकको आटीचौर गा.वि.स. - ४, ओलीगाउँका बासिन्दाको  भेलाले शुरुवात गरेको हो । हरेक घरधुरीबाट रु. १००/- ले रु. ५,३००/- संकलन गरेर समुदायका सार्वजनिका कार्यमा हुने फजुल खर्च घटाउने, छोराछोरीलाई विद्यालय पठाउने, वन संरक्षण गर्ने, वातावरण सरसफाईमा जोड गर्ने, संकलन भएको रकमलाई सामूहकि ऋणको रुपमा परिचालन गरेर आएको आम्दानीले समुदायका विसका कार्यमा लगानी गर्ने, उच्च शिक्षा अध्ययन गर्न जानेलाई र बिरामी परेर उपचार गर्न जिल्ला बाहिर जानेलाई विना व्याज ऋण उपलब्ध गराउने, प्राकृतिक प्रकोपमा सहयोग गर्ने उद्देश्यले “वडा विकास कोष” नामले स्थापना भएको हो । समुदायको स्वयम्सेवी सहभागितामा भएका यी कार्यहरु अहिले पनि उदाहरणीय छन् । यसै कोषलाई वि.सं. २०४९ साल पोष ५ गते (डिसेम्बर २०, १९९२) जिल्ला प्रशासन कार्यालयमा दर्ता भएको हो । स्थापना भएको नौ वर्षपछि मात्र वाह्य सहयोग प्राप्त गर्न थालेको हो । यस संस्थाले गण्डकी प्रदेशका चार जिल्लामा कार्यक्रम संचालन गरिसकेको छ । नेपालका सुदूरपश्चिम प्रदेशका जिल्लाहरुमा कार्यरत छ । यो पीसविनको छैटौं (२०००-२००२, २००३-२००७, २००८-२०१२, २०१३-२०१७, २०१८-२०२२, २०२३-२०२७) रणनीतिक योजना हो । पीसविनको यस रणनीतिक योजना तयार गरिहँदा नेपालमा राजनैतिक, सामाजिक, आर्थिक क्षेत्रमा प्रशस्त परिवर्तन भैरहेकाछन् । २०७९ मंसिर ४ गते निर्वाचन सम्पन्न भै गठन भएका संघीय र प्रदेश सरकारबाट जनताले धेरै आशा गरेको अवस्था छ । यस सन्दर्भमा पीसविनले रणनीतिक योजना सन् २०१८-२०२२ को कार्यान्वयनबाट प्राप्त अनुभव, सिकाइ, कार्यक्षेत्रको आवश्यकता विश्लेषणका आधारमा दीर्घकालिन रणनीतिक योजना (२०२३-२०२७) तयार गरी कार्यान्वयनमा ल्याएको छ ।

### १.२. रणनीतिक योजनाको औचित्य

योजना कार्यान्वयनको ५० प्रतिशत सफता भनेकै प्रभावकारी योजना तयार गर्नु हो । गन्तव्यमा निर्धारित समयमा सुरक्षित पुग्न बाटो स्पष्ट हुनुपर्दछ । रणनीतिक योजना संस्थाको लक्ष्य तथा गन्तव्यमा पुऱ्याउने बाटो हो । समन्वय, सहकार्य, सुशासन, कार्यक्रमको एकीकृतिकरण र सामाजिक सवालको मूलप्रावहीकरण पीसविनको मुलमन्त्र हुन् । पीसविनको विगत ३२ वर्षको कार्यअनुभव, सरोकारवाला, शुभेच्छुकको योगदान संसगात जीवनदायी प्रेरणा हुन् । योग्य, ईमान्दार नेतृत्वमा भएको स्वयम्सेवी भावना र व्यवहार संसथागत नेतृत्वको आधार हो । समावेशी संरचना, कार्यक्रम र कार्यनीतिले निर्धारित योजना सम्पन्न गर्न सहभागिता अभिबृद्धि गर्दछ । पीसविनको जीवन विकासमा योजना तयारी र कार्यान्वयनमा समुदायको सहभागितालाई सुनिश्चित गरिन्छ । यसको परिकल्पनामा पुग्न तत्कालिन उद्देश्य पूरा गर्न आवश्यक हुन्छ । स्थानीय मानवस्रोत विकास र परिचालन पीसविनको संसथागत सबलीकरणका आधार हुन् । सकारँतमक सामाजिक परिवर्तन गर्न सोच सकारात्मक हुनुपर्दछ । यसको विकासको लागि पीसविनको योगदान रहनुपर्दछ । हरेक वयीक्र आफैमा योग्य, कर्मशील र आत्मनिर्भर हुनसकेमा परिवारमा मेलमिलाप र खुशी छाउँछ । यसको परिणाम समृद्ध समाज विकासमा पर्छ । समृद्ध समाज विकासका लागि पीसविनले गर्ने कार्यको बाटो स्पष्ट गर्दै लक्ष्यमा पुग्न यस दीर्घकालिन रणनीतिक योजनाको आवश्यकता पर्छ ।

### १.३. रणनीतिक योजना तर्जुमा प्रक्रिया

विगतका कार्यअनुभव, कार्यरत समुदायको अवस्था र भावी सोचले नै योजना तजुमाको लागि बाटो निर्देश गर्दछ । पीसविनको रणनीति २०१८-२०२३ को कार्यन्वयनको हरेक वर्ष गरिने समीक्षा, कार्य अुनभव, सरोकारवाला विशेषगरी कार्यक्रमबाट लाभान्वित समुदायको सिफारिस, नेपालको पन्ध्रौं योजनाको लक्ष्य, दिगाको विकास लक्ष्यका उद्देश्य र सूचक, प्रदेश र स्थानीय सरकारका प्राथमिकता यस रणनीतिक योजना तयारीको आधार मानिएको छ । अघिल्लो रणनीतिक योजना कार्यान्वयका दुई वर्ष विश्वव्यापी फैलिएको कोभि-१९ महामारीको कारण कतिपय कार्यक्रमको स्वरुप परिवर्तन गरेर सम्पन्न गर्नुपऱ्यो । यस अवधिमा नृपालमा स्थानीय, प्रदेश र संघीय निर्वाचनका कारण समय व्यवस्थापन गरी कार्यसम्पादन गर्नुपरेकोथियो ।

**भाग- २**

**परिवेश विश्लेषण**

### २.१. भौगोलिक क्षेत्र

पीसविनले सुदूरपश्चिम प्रदेशका बाजुरा, अछाम, बझांग, बैतडी र कैलाली, गण्डकी प्रदेशका लमजुंग, तनहुँ, कास्की, नवलपुर जिल्लामा कार्यम संचालन गरी अनुभव प्राप्त गरेको छ। रणनीतिक योजना २०२३-२०२७ को कार्यान्वयनको क्रममा सुदूरपश्चिम प्रदेशका थप तनि जिल्लामा कार्यक्रम बिस्तार गर्न स्रोत जुटाइन छ। बाजुरा जिल्लाका सबै स्थानीय तहमा पीसविनका कार्यक्रम संचालन भएका छन् । अझै कतिपय लक्षित समुदायमा भने कार्यक्रम पुऱ्याउन आवश्यक छ। कार्यक्रम संचालन भएका जिल्लाका लागि स्रोतको खोजी गरी निरन्तर गर्न थप मेहनत आवश्यक छ।

### २.२. राष्ट्रिय, अन्तराष्ट्रिय सन्दर्भ

नेपालमा लोकतान्त्रिक गणतन्त्रको स्थापना भएपश्चात तीनै तहका सरकारको दोस्रो पटक निर्वाचन सम्पन्न भै सरकार गठन भएकाछन् । प्रदेश र संघीय संसदमा कुनै पनि राजनीतिक दलको वहुमत छैन । यसले राजनीतिक अस्थिरता हुने हो कि भन्ने आशंका बढेको छ। राजनीतिक अस्थिरताले विकासका योजना कार्यान्वयनमा पार्ने असर विगतमा झैं दोहोरिने हुन्छ। राज्य र सामाजिक संरचनामा समावेशीता बढेको छ। अब उपेक्षित समुदायको पक्षमा काम गर्न आवश्यक छ । बालबालिका सम्बन्धी ऐन २०७५ र यसको नियमावली २०७८ लागूभएपश्चात स्थानीय सरकारहरु बालमैत्री शासन स्थापनामा जोड गरिरहेकाछन् । देशको अर्थतन्त्र कमजोर बनेको अवस्था छ। वैदेशिक लगानीको मात्रा बढाउने वातावरण बनाउन सरकारले ठूलो मेहनत गर्न आवश्यक छ । देशको अर्थतन्त्र रेमिट्यान्समा भर परेकोछ । युवा समुदायलाई देश विकासमा लगाउन स्थानीय रोजगारका अवसरको खाँचो छ । देशमा कामप्रति सम्मान गर्ने सामाजिक वातावरण आवश्यक छ। विद्यालयस्तर देखि नै युवा समुदायलाई आफ्नो देश र समाजप्रति प्रतिबद्ध हुने शिक्षा जरुरी छ । यसका लागि सरकारले जीवन र रोजगारी सुरक्षाको सुनिश्चित गर्नुपर्दछ । विकास सहयोग एकीकृत गरेर योजना बनाउनुपर्दछ। नेपाल सरकारले बालमैत्री स्थानीय शासन, महिलामैत्री विकास प्रक्रिया, मुलुकी ऐनको सट्टा फौजदारी कानुनी संहिता ल्याएको छ । पूर्ण सरसफाई, पूर्ण खोप, घरभित्रको धुवाँ व्यवस्थापन जस्ता सामाजिक अभियान संचालन भैरहेका छन्। बालबालिका र महिलाको विकास सबै तहका योजनाले प्राथमिकता दिएको छ। प्रभावकारी कार्यान्वयन। मूल्यांकन पद्दतिको खाँचो छ । जातीय छुवाछुत मुक्त देश घोषणा गरेको छ । कर्मचारी, राजनीतिक, सामाजिक संघ/संस्थाका अवसरमा महिला, दलित, जनजातिको संलग्नता बढेको छ। नेपाल गणतन्त्रात्मक देश भएको छ। संविधानले नै अधिकारको निक्षपण गरेर जनता शक्ति सम्पन्न भएको छ। सामाजिक संस्थाहरुको भूमिका पनि क्रमशः बदलिन थालेको छ। युवा समुदाय वैकल्पिक रोजगारमा आकर्षित भएको छ । दिगो विकास लक्ष्य २०१६-२०३० कार्यान्वयनमा छ । मानव अधिकार सम्बन्धी घोषणा-पत्र १९४८, बालबालिका सम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धि सन् १९८९, महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धि (CEDAW) १९७९, विभिन्न अतिरिक्त प्रलेख आदिको नेपाल पक्ष राष्ट्र रहेको छ। राष्ट्रियस्तरमा जातीय छुवाछुत विरुद्धको ऐन २०६६, घरेलु हिंसा विरुद्धको ऐन २०६७, बालबालिका सम्बन्धी ऐन २०७५, राज्यका सबै संरचनामा ३३ प्रतिशत महिला सहभागिताको संवैधानिक व्यवस्था, मुलुकी ऐनको स्थानमा आएको फौजदारी न्यायसंहिता २०७४, स्थानीय तहका सरकारको अधिकार कार्यान्वयनले समुदायको सशक्तिकरण, सामाजिक रुपान्तरणमा सकारात्मक प्रभाव पार्न पारिहेको छ।

### २.३. कार्यक्रम क्षेत्रको अवस्था विश्लेषण

पीसविनले सुदूरपश्चिम प्रदेशका जिल्ला बाजुरा, अछाम, कैलाली, बैतडी, बझांग, डोटी जिल्लामा प्रत्यक्ष उपस्थितिमा कार्यक्रम सचालन गरिहेको छ । अन्य जिल्लामा महिला, बालबालिका, गैर सरकारी संस्थाका नेटवर्कहरु मार्फत उपस्थिति जनाएको छ । गण्डकी प्रदेशका कास्की, तनहु, लमजुंग, नवलपुरमा कार्यक्रम सम्पन्न गरेको छ । राजनीतिक संरचनाप्रतिको जनअपैषा स्वभाविक रुपमा बढेको छ । हातमुख जोर्नकै लागि भए पनि यी जिल्लाको मौसमी बसाइ-सराइ बाद्यता भएको छ। विशेषगरी भारतमा हुने मौसमी कामको खोजीमा जानस पर्ने भएकोले बालबालिकाको पढाइमा नकारत्मक असर पारेको छ । युवाहरुको जीवनमा नजानिंदो किसिमले दुर्व्यसनमा वहुप्रभाव पर्नथालेका छन् । विद्यालयको अध्ययन पश्चात

राजगारीको सुनिश्चितता नभएकोले उच्च शिक्षा अध्ययन गर्ने भन्दा कामको खोजीमा तेस्रो मुलुक जानेको संख्या बढ्ददो छ । देशमा विकास कार्यमा हुने ढिलाई र अनियमितताले जनतामा निरासा जगाएको छ । सीमित साधन-स्रोतको परिचालन गरेर स्थानीय सरकारले जनताको आडभरोसा दिनथालेको महशुश हुनथालेको छ । तर स्थानीय सरकारको आफ्नो आम्दानी नभएकोले संघीय सरकारको अनुदानमै चल्नु पर्ने वाद्यता छ ।

बाल बिबाह, छाउपडी कुप्रथा, बोक्सी कप्रथा, लैङ्गिक हिंसा अपेक्षाकृत घटेको छैन । मानव बेचविखन तथा ओसार-पसार बढ्न थालेको छ । ज्येष्ठ नागरिक, अपाङ्ग, तेस्रो लिङ्गी, सरकारले मुक्त घोषणा गरेपछि हलिया र कमैयाका सवाल, नेपालमा करिब एक दशक चलेको सशस्त्र द्वन्द्वबाट पीडितका सवाल र व्यवस्थापन नागरिक संगठनको सहभागिता सहित सरकारको योजनामा जोड दिन आवश्यक छ । कृषि उत्पादनको लागि भरपर्दो बजार विकास गर्न आवश्यक छ । छिमेकी देशबाट भित्रिने कृषि उपजसँग स्थानीय उत्पादनलाई प्रतिष्पर्धी बनाउन चुनौती बनेको छ । बिभिन्न संक्रमित रोगले पीडा दिएको छ । मातृ-शिशु स्वास्थ्य सेवाको अवस्था कमजोर छ । कुपोषण विकासको लागि चुनौती बनेको छ । जलवायु परिवर्तनको असर कृषि उत्पादन, पानीका स्रोत, वन क्षेत्रमा प्रत्यक्ष पर्न थालेको छ । वाली उत्पादन प्रणालीमा असर परेको छ । शुक्लापाँटा, उग्रतारा, साईपाल, रामारोसन, खप्तड, अपी हिमाल बुढीनन्दा, बडीमालिका, शैलेश्वरी, निगालाशैनी आदि यहाँका पर्यटनका सम्भावना हुन् । रारा-खप्तड पर्यटन मार्ग पहिचान भएको छ ।

ग्रामीण भेकमा पछिल्लो समयमा यातायात, संचार, विद्युत सेवामा पुहँच क्रमशः बढ्दो छ । तर जथाभावी डोजर प्रयोग गरिएकोले वर्षामा बाढीपैह्रो बढेको छ । विकास भनेको भौतिक निर्माण मात्र हो भन्ने मानसिकतालाई रुपान्तरण गरी मानव विकासतर्फ केन्द्रित गर्न आवश्यक छ । किशोरकिशोरीलाई प्रविधिको उचित प्रयोग गर्ने वातावरण आवश्यक  छ । कतिपय चलनचल्तीमा रहेका राम्रा अभ्यास र काम, खानेकुरा छुटेर समाज परनिर्भर बनिरहेको छ । कृषि भूमी क्रमशः बाँझो बनिरहेको अवस्थाले चिन्ता बढाएको छ । पत्रुखानाको उपभोग जानीनजानी बढेको छ । यसले विशेषगरी महिला र शिशुको स्वास्थ्यमा नकारात्मक असर पार्न थालेको छ । राजनीतिक दलहरुमा सुझबुझ बढाएर विकासमा एकता ल्याउन आवश्यक छ । स्थानीय तहहरुका सुशासन र कार्यप्रभावकारीताको लागि विज्ञ तथा विषयवस्तुमा सहयोगको आवश्यक छ ।

## २.४. पीसविनको संस्थागत विश्लेषण

पीसविन “गर्दै सिक्ने र सिक्दै बढ्ने” संस्था हो । विकास गरिएका १५ बढी नीति-नियमको कार्यान्वयन गरिहरको छ । संस्थाको निर्णय सहभागितामुलक बनाएको छ । पीसविन महिलाद्वारा नेतृत्व गरिरहेको संस्था हो । केन्द्रिय कार्यसमितिमा महिलाको संख्या करिब ६० प्रतिशत बढी छ । पीसविनको नाममा सुदूरपश्चिमका चार जिल्लामा संसथ दर्ता भएको छन् । कर्मचारीमा महिला सख्ङा करिब ४० प्रतिशत छ । यसलाई ५० प्रतिशत पुकरिब ४० प्रतिशत छ । यसलाई ५० प्रतिशत पुऱ्याउने लक्ष्य छ । १२ वटा राष्ट्रिय, अन्तराष्ट्रिय संजालसँग आबद्धता छ । हालसम्म करिब १०० बढी परियोजना सम्पन्न गरहेका छ । २५ बढी विभिन्न अन्तराष्ट्रिय साझेदार संस्थाहरुसँग र नेपाल सरकारका निकायसँग काम गरेको छ । संस्थाले पूरा गर्नुपर्ने कानुनी आधारहरु समयमै सम्पन्न गरकोछ । सरोकारवालाहरुसँगको सम्बन्ध विकास, समन्य र सहकार्यलार्य प्राथमिकता दिन्छ । प्रदेश कार्यक्रम समन्वय कार्यालय, धनगढीलाई व्यवस्थित बनाइएको छ । यसको पूरापूर क्षमताको उपयोग स्रोत विकास र सम्बन्ध बिस्तारमा लगाइने छ । समुदायस्तरमका महिला, बालिकालिका, कृषक, सहकारी, युवा समूह र तिनका नेटवर्कहरुसँग नजिकको सहकार्य गरिरहेको छ ।

पीसविनको वेबसाईट, फेसबुक, युट्युबहरु निरन्तर अध्यावधिक भैरहेकाछन् । पछिल्लो वर्षहरुमा संस्थाको अनुभवीय प्रकाशन कमी भएको छ । सन् २०२२ को अन्तसम्म आउँदा कार्यक्रमको सोत पनि तुलनात्मक रुपमा कम भएको छ । पीसविनले गरेका कामको गुणस्तरीय अभिलेखीकरण, लेखन, प्रकाशन र समुदाय एवम् सरोरकारवाला समक्ष पुऱ्याउन अझै आवश्यक छ । स्रोत अभिबृद्धको क्षेत्रमा प्रतियोगितात्मक क्षमता विकास गर्न आवश्यक छ । संसथाको नीति-नियमको कार्यान्वयनमा हुने कमजोरीको अनुमगन गर्न आवश्यक छ । समुदायमा काम गर्दा नविन अवधाराणा विकास गरी स्रोत व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

## २.५. सरोकारवाला विश्लेषण

पीसविनद्वारा संचालन हुने कार्यक्रममा सरोकावालाहरुसँग साझेदारी, संलग्नता, सहकार्य, सहभागिता र समन्वय (५-स) यस रणनीतिक योजना सफल बनाउन पहिचान गरिएका प्रमुख पक्ष हुनेछन् । यहाँ प्रमुख सरोकारवालाहरुसँग दोहोरो सम्बन्ध र अपेक्षा विश्लेषण गरिएको छ । राष्ट्रिय नीतिगत सवाल र वाह्य साधन/स्रोत परिचालनका सन्दर्भमा राष्ट्रिय स्तरका सरोकारावालाहरुको भूमिका रहन्छ । प्रदेश स्तरका नीति र कार्यान्वयनका लागि प्रदेशस्तरका सरोकारवालाहरुको आवश्यक पर्दछ । स्थानीय नीति र कार्यान्वयनमा स्थानीयस्तरका सरोकारवालाको संलग्नता बढी रहनसक्छ । ह

### २.५.१. राष्ट्रिय स्तरका प्रमुख सरोकारवाला

राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्थानीय विकास तथा संघीय मामला मन्त्रालय, सूचना तथा सञ्चार प्रविधि मन्त्रालय, कृषि मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, नेपाल पत्रकार महासंघ, गैर सरकारी संस्था महासंघ नेपाल, शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल, सामुदायिक रेडियो प्रसारक संघ नेपाल, खाद्य अधिकार संजाल, कन्सोर्टियम, नानगान, सामुदायिक वन उपभोक्ता महासंघ नेपाल, राष्ट्रिय पोषण संजाल, विभिन्न संजालहरु र सहयोगी व्यक्तिहरु, अन्तराष्ट्रिय संस्थाहरु, दातृ निकायहरु, उद्यमी संस्थाहरु, बैंक र निजी संस्थाहरु आदि ।

**सरोकारवालाहरुको अपेक्षा**

राष्ट्रिय नीति, कार्यक्रम बारे सूचना प्रवाह, स्थानीय तहमा नीतिगत विकासमा सहजीकरण, गुणस्तरीय सेवा प्रवाहमा सामुयिक जागरण, सेवा प्राप्तिका लागि सामुदायिक संचेतना अभिबृद्धि, पारदर्शी कार्यप्रणाली, संस्थागत लोकतान्त्रिक अभ्यास, सेवा प्रदायक र सेवा ग्राही बीचको सम्बन्ध र संचार ।

**अपेक्षा पूरा गर्ने हाम्रो रणनीति**

राष्ट्रिय नीति, योजना, कार्यक्रम र बदलिंदो परिस्थिति बारे सामुदायिक संचेतिकरण, सूचना अध्यावधिक, सिकाइ आदान-प्रदान, प्रविधिको प्रयोग र सिप बिस्तार ।

### २.५.२. प्रदेशस्तरका सरोकारवालाहरु

प्रदेश सामाजिक विकास मन्त्रालय, आन्तरिक मामीला मन्त्रालय लगायत अन्य मन्त्रालयहरु, शिक्षा र स्वास्थ्य, कृषि निर्देशनालय, भौतिक योजना तथा पूर्वाधार मन्त्रालय, गैर सरकारी संस्था र तिनका नेटवर्कहरु, संचार माद्यमहरु ।

**सरोकारवालाहरुको अपेक्षा**

कार्यक्रममा समन्वय, एकीकृत कार्यक्रम संचालन, प्रदेशका सूचना प्रवाह, कार्यक्रमको दोहोरो अनुगमन

**अपेक्षा पूरा गर्ने हाम्रो रणनीति**

सम्बन्ध बिस्तार, कार्यक्रममा सहकार्य, नीतिगत विकासमा सहयोग, संयुक्त अनुगमन, सिकाई आदान-प्रदान ।

### २.५.३. जिल्लास्तरीय सरोकारवालाहरु

जिल्ला स्तरीय सरकारी कार्यालयहरु, राजनीतिक दलहरु, गैर सरकारी संस्थाहरु, जिल्लास्तरीय सामुदायिक संजालहरु (महिला अधिकार मञ्च, जिल्ला बाल अधिकार मञ्च, एड्स समन्वय समिति, जिल्ला दलित नेटवर्क, जिल्ला युवा सञ्जाल, बाल अधिकार परिषद्, गैर सरकारी संस्था महासंघ, पत्रकार महासंघ, शिक्षक संगठनहरु, कृषक समूह, स्वास्थ्य समितिहरु, उद्योग वाणिज्य संघ आदि), व्यक्तिहरु, व्यवसायीहरु ।

**सरोकारवालाहरुको अपेक्षा**

कार्यक्रममा साझेदारी, सुशासन र पारदर्शीता, निष्पक्ष कार्यशैली, निरन्तर समन्वय, सामुदायिक परिचालनमा सहकार्य, संस्थाका विविध अवसरमा सहभागिता, बाल तथा महिला सवालमा सहयोग,

समुदायको नेतृत्व क्षमता विकास, सामाजिक विभेद हटाउन पैरवी, आर्थिक स्रोत बृद्धि, संस्थाको कार्यक्षेत्र बिस्तार ।

**अपेक्षा पूरा गर्ने हाम्रो रणनीति**

समन्वय तथा सहकार्य, समुदायको संलग्नता र सहभागिता बढाउने, संयुक्त कार्ययोजना तयारी र कार्यान्वयन, सिप र ज्ञान विकासमा सहयोग, स्रोत व्यवस्थापनमा संयुक्त पहल गर्ने, सिकाइ आदान-प्रदान ।

**२.५.४. गाउँ/नगर र समुदायस्तरका सरोकारवाला**

गाउँ/नगरपालिका, वडा कार्यालय, स्थानीय राजनैतिक दलहरु, समुदायका सदस्यहरु, समूहहरु (महिला अधिकार मञ्च, आमा समूह, गाउँ बाल संरक्षण समिति, युवा समूह, बाल समूह, सामुदायिक सहयोग समितिहरु, वन समूहहरु, वडा नागरिक मञ्च) विद्यालय, स्वास्थ्यचौकी आदि ।

**सरोकारवालाहरुको अपेक्षा**

संस्थाका कार्यक्रम संचालन, स्थानीय सरकारसँग समन्वय र साझेदारी, महिला/बाल/युवा अधिकारका विषयमा पैरवी, आर्थिक उपार्जनका कार्यक्र संचालन, कल्याणकारी र अधिकारमुखी कार्यक्रम बीच सामन्जस्यता, समूहको सिप र क्षमता विकास, संस्थाका सदस्य र कर्मचारीमा समावेशीकरण अभिबृद्धि, युवाहरुको क्षमता र कार्यदक्षताका आधारमा रोजगार तथा सीपमुलक कार्यक्रम संचालन, आवश्यक सूचना तथा सरकारी नीति प्रवाह, उच्च शिक्षा अध्ययनका लागि आर्थिक सहयोग, भौतिक निर्माणका कार्यक्रम बिस्तार, समुदायका आवश्यकतानुसार कार्यक्रम, बदलिंदो अवस्था बारे समुदायलाई जानकारी दिने, संस्थाको कार्यक्षेत्र बिस्तार आदि ।

**अपेक्षा पूरा गर्ने हाम्रो रणनीति**

स्थानीय तहका आवधिक योजना मध्येनजर गरी योजना तयारी र कार्यान्वयन, सामुदायिक सहभागितामुलक योजना प्रक्रियाको कार्यान्वयन, स्थानीय स्रोत परिचालन, लोकतान्त्रिक अभ्यासको संस्थागत विकास, सूचना प्रवाह, स्थानीय संचार माध्यम विकास र सहकार्य, सामुदायिक समूहको संस्थागत विकास,सार्वजनिक संस्थाहरुको सेवा बारे सामुदायिक संचेतिकरण आदि ।

## भाग-३
## संस्थागत संस्कृति

### ३.१. मूल्य/ मान्यताहरु (Core Values & Norms)

**क) विश्वास र नियन्त्रण (Trust and Control):**

अवसर सृजनाका लागि सहभागितामुलक अनुशासित लोकतन्त्र (Participatory Discipleneed Democracy), प्रभावकारी कुशल नेतृत्व (Effective and Efficient Leadership) मा विश्वास गर्दछौं । अवसर प्राप्तिका लागि जिम्मेवारी पूरा गर्न दृढ छौं । अवसरलाई विकासमा बदल्छ । विकास व्यवस्थापन (Management of Development) गर्न नियन्त्रण प्रणाली (Controlling System) अवलम्बन गर्दछौं । जय अवसर, जय विकास पीसविनको कार्य नारा हो ।

**ख) सम्वाद र प्रश्न (Open Dialogue and Constructive Queries)**

सुशासनका लागि समुदायमुखी नीति र मानवमुखी थीतिलाई आत्मसाथ गर्दछौं । दायित्व निर्वाह गर्न भरोसायोग्य जिज्ञासा (Constructive Question) ले मात्र खुला सम्वाद सम्भव हुन्छ र यसले गुणात्मक निष्कर्ष प्राप्त हुन्छ भन्ने मान्यतामा मेहनत (Practice), फेरि पनि मेहनत गर्दछौं ।

**ग) सदाचार (Integrity)**

सामाजिक सदाचार नै जीवन हो । हाम्रो जिम्मेवारी उच्च नैतिक सदाचारले सम्पादन गर्दछौं । लक्ष्योन्मुख सामाजिक रुपान्तरणको अभ्यास हामीबाट नै गर्छौं ।

**घ) तथ्यमा तर्क (Facts Leading Logic)**

सामाजिक रुपान्तरण सम्भव छ । हरेक मान्छेमा परिवर्तनको सम्भावना छ । आशाका सम्भावना बढाउन सकिन्छ भन्नेमा हामी लगनशील हुन्छौं । भौतिक प्राप्ति मानवको जरुरी (Urgency) हो । आजको जरुरत (Urgency) मा भोलिको महत्व (Importance) झल्काउन क्रियाशील रहन्छौं । तर्कलाई तथ्य (Fact) ले प्रमाणित गर्नु हाम्रो बाटो हो ।

**ङ) समता (Equity)**

बृहत्तर समानतापूर्ण प्रभाव (Extensive Impact with Equity) र साझा लक्ष्य (Common Goals) प्राप्तिका लागि सकारात्मक विभेद (Positive Discrimination) र समन्यायलाई स्वीकार गर्दछौं ।

**च) विविधताको सम्मान (Respect to Diversity)**

सबै जातजाति, लिङ्ग, भाषाभाषी, समुदाय, वर्ग, रंग, मत/विचारको सम्मान र आदर गर्दछौं । सामाजिक रुपान्तरणको अभियानमा विविधताका सवाललाई समेट्छौं ।

## ३.२. पीसविनका सिद्धान्तहरु (Principles of PeaceWin)

**"बालदिवस"**

**क) बालबालिकाको सर्वोत्तम हित (Best Interest of the Children):**

पीसविनका हरेक क्रियाकलापले बालबालिकाको हितलाई केन्द्रबिन्दू बनाउँछ । आजको बालबालिकाको विकासमा गरिने लगानीले सुन्दर समाज बनाउने निष्कर्षका आधारमा कार्य गर्दछ ।

**ख) लैङ्गिक सम्वेदनशीलता (Gender Sensitiveness):** सामाजिक रुपान्तरणमा महिला र पुरुषको समान भूमिका दिगो विकासको आधार हो । निर्णय प्रक्रियामा महिलाको नेतृत्वका लागि फराकिलो स्थान बनाउन सबै राजनीतिक, सामाजिक संरचना खुला बनाउन सम्वाद र वहस गर्दछ ।

**ग) दिगोपना (Sustainability):** पीसविन भावी पुस्ता प्रति जिम्मेवार छ । हरेक सम्भावना भित्र रहि स्रोतको उपभोगमा फारु (Redue in Use) गर्ने, पुनःप्रयोग (Reuse), र पुनर्उत्पादन (Recycling) गरी उपभोग गर्न व्यापकता दिन्छ ।

**घ) वर्गिकृत कार्यको एकीकृतिकरण (Integration):** एक्लो विकास प्रयास कम प्रभावकारी हुन्छ । कार्यक्रमहरुको विभिन्न स्तरमा एकीकृतिकरण गर्न बिस्तृत क्षेत्रको खोजी गर्दछ ।

**ङ) समावेशीकरण (Inclusiveness):** सामाजिक विकासका लागि अधिकको साझेदारी (Partnership), संलग्नता (Engagement), सहभागिता (Participation), सहकार्य (Collaboration) र समन्वय (Coordination) ले अपनत्व जगाउँछ । थोरैमा थप्न र कमजोरीमा ऊर्जा भर्न सवालगत समावेशीकरण गर्दछ ।

## ३.३. कार्यक्रमका धारक (Working With)

पीसविन बालबालिका, महिला र युवासाथ काम गर्दछ । शिक्षा, यौन तथा पुनर्उत्पादन स्वास्थ्य, सुरक्षा, खानाको सुनिश्चिता हुनुपर्दछ । बालबालिका, महिला, युवा समुदायको सामाजिक, आर्थिक, साँस्कृतिक सशक्तिकरणमा जोड दिन्छ । सेवा प्रदायकको प्रभावकारी कार्यकुशलताको पैरवी गर्छ । दिगो विकास र सामाजिक शान्तिको लागि कार्यक्रमले बालबालिकाको जीवनमा पारेको प्रभावका आधारमा परिणाम (Impact) मापन गर्दछ ।

## ३.४. प्राथमिकताका क्षेत्रहरुः

पीसविन नेपालका ग्रामीण समुदायका साथ निरन्तर काम गर्न प्रतिबद्ध छ । स्थानीय मानवस्रोत व्यवस्थापन र दिगो विकासको प्रवर्द्धन, दिगो विकास लक्ष्य र नेपाल सरकारका प्राथमिकता प्राप्तिमा योगदान गर्दछ । पीसविनले दिगो विकास लक्ष्य (२०१६-२०३०) मा उल्लेखित १७ वटा लक्ष्य, विशेषगरी १, २, ३, ४, ५, ६ र १६ मा योगदान गर्दछ । चुनौती भित्र अवसर खोज्दछ । बालबालिकाको आधारभूत शिक्षा, यौन तथा प्रजनन् स्वास्थ्य, सरसफाई एवम् स्वस्थ खानेपानी, प्रकोपका असर न्युनिकरण, युवाका लागि कृषि, वन र सहकारीमा आधारित व्यावसायिक सीप विकास र रोजगारी, जलवायु न्याय, खानामा विविधिकरण, प्राकृतिक जीवनशैली,

अपाङ्ग लगायत व्यक्तीको अवस्थामैत्री भौतिक संरचना तथा सेवा, संस्थागत सुशासन, सामाजिक समानता र न्याय यस रणनीतिक योजनाका  प्राथमिकता रहनेछन् ।

## भाग - ४
## रणनीतिक परिकल्पना, ध्यय, लक्ष्य, उद्देश्य र अवधारणा

### ४.१. परिकल्पना (Vision)

पीसविनले **"स्वस्थ व्यक्ति, खुशी परिवार, समृद्ध समाज"** को परिकल्पना गर्दछ ।

**स्वस्थ, खुशी र समुन्नतिको अवस्था** (Understanding on Healty, Happyness and Prosperity)

बालबालिका सुन्दर भविष्यको परिचय हो । व्यक्ति नै सृजनाको कारक र धारक हो । एक-एक व्यक्तिको सोच र व्यवहारले समाजको गति निर्धारण गर्दछ । परिवारको आधार व्यक्ति हो । व्यक्ति मन (Soul) मस्तिष्क (Brain) र शारीरिक (Phuysical) स्वस्थ हुनुपर्दछ । स्वस्थ सोचाई, बुद्धि र कर्मले पारिवारीक मेलमिलाप र शौहार्दता कायम गर्दछ । मेलामिलाप र शौहार्दता खुशीका आधार हुन् । यसर्थ परिवारको हरेक सदस्य सकारात्मक मन, सुविचारित मष्तिष्क र कर्मशील हुन्छ । व्यक्ति र परिवार समाजका आधार हुन् । परिवारका हरेक सदस्यले आधारभूत शिक्षा, स्वास्थ्य सेवा प्राप्त गरेका, न्युनतम रोजगारीका असरले आत्मनिर्भर हुन्छन् । मानव आवश्यकता र वातावरण प्रति सजग सामाजिक सुझबुझले व्यवहारिक गति लिएको हुन्छ । यी पक्ष सबल हुनु सामाजिक समृद्धिको अवस्था हो ।

### ४.२. ध्यय (Mission)

बालअधिकारको कार्यान्वयन, निर्णायक तहमा महिला नेतृत्व र युवा सशक्तीकरण, समानता र न्यायपूर्ण, जवाफदेही, उत्तरदायी समाज विकासका लागि सामुदायिक संगठनहरुको सुदृढिकरण गर्ने ।

**ध्ययका आधारहरु (Milestones Reaching to Mission)** :

- संगठित सामुदायिक संस्थाहरु (बालबालिका, महिला र युवा संगठन आदि)
- प्रतिबद्ध सामुदायिक स्वयम्सेवकहरु
- महिला प्रतिनिधित्वको सुनिश्तिता भएका कानुनी व्यवस्थाहरु
- समाजवाद उन्मुख अर्थव्यवस्थाको परिकल्पना सहितको संविधान
- अधिकार सम्पन्न निर्वाचित स्थानीय सरकार

### ४.३. लक्ष्य (Goal)

स्थानीय स्रोतसाधनको उच्चतम परिचालन गर्दै सेवामुलक संस्थाहरुमा सुशासनको प्रबर्द्धन गर्ने ।

**लक्ष्य प्राप्तिका पथहरु** (Directives to Achieving the Goal) :

- स्रोतको दिगो परिचालन
- साझेदारी, संलग्नता, सहकार्य, सहभागिता र समन्वय
- लोकतान्त्रिक, सुशासित, समावेशी विकास अभ्यास
- विद्यमान ज्ञान, सीप र विकासको व्यवस्थापन
- प्रविधिमा पहुँच

### ४.४. रणनीतिक विषयक्षेत्र (Strategic Thematic Areas)

संस्थाको कार्यअनुभव, कार्यक्षेत्रको सामाजिक, आर्थिक अवस्था, विध्यमान विकास सवाल तथा तत्काल उत्पन्न हुने सवाललाई समेट्दै यस रणनीतिक योजनाको कार्यनीति निर्देशित हुनेछ । यस योजनाको विषयक्षेत्र यसप्रकार रहनेछन् :

**क) बाल विकास (Child Development)**

बालबालिकासँग सरोकार राख्ने संयुक्त राष्ट्रसंघीय बाल अधिकार महासन्धी र यसको कार्यान्वयनको लागि बनेका नेपाल ऐन-नियमहरु कार्यान्वयनमा सहजीकरण गर्ने । प्रारम्भिक बाल शिक्षा, विद्यालय सुशासन, बालबालिकासँग सरोकार राख्ने संस्थाहरुको क्षमता अभिबृद्धि, सबै बालबालिकालाई जीवनोपयोगी आधारभूत शिक्षा, स्वास्थ्य सुरक्षा, बाल सहभागिता र संरक्षणका लागि कार्यक्रम संचालन, पैरवी एवम् बालमैत्री स्थानीय शासन र भौतिक सुधारमा जोड दिइनेछ ।

**ख) महिला र युवा नेतृत्व (Women and Youth Leadership)**

निर्णायक तह, राजनीतिक तथा सामाजिक संरचना, समुदायका समूहमा महिला तथा युवाको नेतृत्व क्षमता विकासमा जोड दिइने छ ।

**ग) जीविकोपार्जन (Livelihood)**

कृषि-वन-पशुपालन, सहकारीको संस्थागत विकास, व्यावसायिक सिप (Vocatioal Skill) विकासमा आधारित क्षेत्र उत्पादन (Pocket Area Development) र मूल्य श्रृंखला व्यवस्थापन गरी महिला र युवाको जीविकोपार्जन (Livelihood) का आधारमा आत्मनिर्भरता विकासमा जोड दिइने छ ।

**घ) पोषण र सरसफाई (Nutrition and Hygiene)**

यौन तथा प्रजनन् तथा मातृ-शिशु स्वास्थ्य सेवामा पहुँच विकास, कृषिमा जैविक उत्पादन र पोषण, खानेवानीमा परिवर्तन, पूर्ण खोप, घरभित्रको धुवाँ व्यवस्थापन, सामुदायिक र विद्यालयस्तरीय पूर्ण सरसफाई, सबैका लागि शुद्ध पीउनेपानी अभियानमा जोड दिइने छ ।

**ङ) सुशासन, मानव अधिकार र लोकतन्त्र (Good Governance, Human Rights & Democracy)**

मानव अधिकारको दावी र कर्तव्य प्रति जिम्मेवार र सभ्य नागरिक विकासमा पीसविनका कार्य केन्द्रित गरिने छ । मानव अधिकार कार्यान्वयनको अनुगमन, अभिलेखीकरण, क्षमता विकास, स्थानीय समूह/संजाल, राजनीतिक दल र सरोकारवालाहरुमा सहभागितामुलक लोकतान्त्रिक अभ्यास र समावेशीकरण प्रक्रियाको प्रबर्तन गरिने छ । अशक्त, असहाय, ज्येष्ठ नागरिकको सुरक्षाका लागि सामाजिक जागरण जगाइने छ । मुक्त हलियाको पुनर्स्थापनामा सहयोग र वहाँहरुका बालबालिकाको विकास र महिलाको हितमा काम गरिने छ । बाल बिबाह, लैंगिक असमानता, जातीय विभेद विरुद्ध अभियान संचालन गरिने छ । सार्वजनिक सेवा-सुबिधा (Entitlements) को प्रभावकारीतामा जोड दिइने छ ।

**च) प्रकोप पूर्व तयारी र भौतिक सुरक्षा (Disaster Resiliances and Response with Physical Safty)**

प्राकृतिक प्रकोपको असर न्युनिकरणका लागि पूर्व तयारी, जोखिममुक्त भौतिक पूर्वाधार निर्माणमा संचेतना र सपि अभिबृद्धि गरी सुरक्षित पूर्वाधार विकासमा जोड दिइने छ ।

**छ) जलवायु अनुकूलन र वातावरण व्यवस्थापन (Climate Adaptation and Environment Management)**

प्राकृतिक स्रोतको दिगो व्यवस्थापनबाट समुदायको जीविकोपार्जनमा सुधार गर्न कार्यक्रम केन्द्रित गरिने छ । जलवायु परिवर्तनको असर न्युनिकरण शिक्षा, जलवायु न्यायको लागि पैरवी, वातावरण व्यवस्थापनको लागि वन-जँगलको सुरक्षा, वार्षिक वाली समयान्तर र कम पानी चाहिने वाली विविधिकरण जस्ता नयाँ प्रविधि विकास र बिस्तार गरिने छ ।

**ज) संस्थागत सुदृढीकरण (Institutional Stregnthening)**

स्थानीय तह, प्रादेशिक सरकार, राष्ट्रिय तथा अन्तराष्ट्रिय संस्था र नेटवर्क, समुदाय, सरकारी तथा गैर सरकारी संस्थाहरुसँगको सहकार्यबाट एकीकृत विकास (Integrated Development) र मानवीय क्षमता विकास अभियानलाई निरन्तरता दिइने छ । स्रोत अभिबृद्धिका लागि सार्वजनिक, निजी, व्यावसायिक क्षेत्रसँग हातेमालो बढाइने छ । यी सबैका लागि समुदायिक समूह, सरोकारवाला संस्था र पीसविनको संस्थागत सुदृढिकरण गरिनेछ ।

**४.५. रणनीतिक उद्देश्य, प्रतिफल र कार्ययोजना**
सन् २०२७ को अन्तसम्ममा पीसविनको लक्ष्य प्राप्तिको लागि रणनीतिक उद्देश्यहरु निम्नानुसार रहेकाछन्:

रणनीतिक उद्देश्य १. गुणस्तरीय, सर्वशुलभ सार्वजनिक शिक्षा बालअधिकार कार्यान्वयनको सुनिश्चित गर्ने ।
**रणनीतिक प्रतिफलः**
१.१. बाल अधिकार शिक्षाको प्रचार-प्रसार र सम्बर्द्धन र भएको
१.२. गुणस्तरीय बालमैत्री शिक्षाको विकास भएको
१.३. आधारभूत स्वास्थ्य सेवामा सबै बालबालिकाको पहुँच भएको
१.४. बालविवाह नियन्त्रण भएको
१.५. स्थानीय बालमैत्री स्थानीय शासन सुनिश्चित भएको

रणनीतिक उद्देश्य २. निर्णायक तहमा महिला र युवा समुदायको संलग्नता अभिबृद्धि गर्ने ।
**रणनीतिक प्रतिफलः**
२.१. सामुदायिक र राजनीतिक संरचनाका निर्णायक तहमा महिला र युवाको नेतृत्व बढेको ।
२.२. स्थानीय न्यायिक समिति र मेलमिलाप केन्द्रको कार्यसक्षमता बढेको
२.३. स्थानीय संचार माद्यामहरुबाट सूचना, शिक्षामुखी कार्यक्रम संचालन भएको
२.४. स्थानीय सरकारका लैङ्गिक सम्वेदनशील बजेट र कार्यक्रम कार्यान्वयन भएको
२.५. समुदायका युवा समुदाय रचनात्मक र सृजनशील कार्यको अगुवाई गरेका

रणनीतिक उद्देश्य ३. सहकारीतामा आधारित जीविकोपार्जनका नवीन अवसर सृजना गर्ने ।
ल्याउने ।
**रणनीतिक प्रतिफलः**
३.१. जैविक कृषि-वन र पशु उपजले ग्रामीण समुदायको जीविकोपार्जनमा सुधार भएको
३.२. सहकारीतामा आधारित साना उद्यम विकास भएको
३.३. व्यावसायिक स्थानीय उत्पादन भएको
३.४. व्यक्तिगत वचत र लगानी प्रवर्द्धन भएको
३.५. स्थानीय उत्पादन मूल्य श्रृंखलामा जोडिएको

रणनीतिक उद्देश्य ४. बालबालिका र आमाको आधारभूत स्वास्थ्य सुरक्षा गर्ने ।

**रणनीतिक प्रतिफलः**
४.१. स्थानीय उत्पादन र खाद्य सुरक्षा बढेको
४.२. खानेवानीमा परिवर्तन भएको
४.३. प्रजनन् सुरक्षा तथा मातृ-शिशु स्वास्थ्यमा सुधार भएको
४.४. व्यक्तिगत सरसफाईमा सुधार भएको
४.५. स्वच्छ खानेपानी सेवा प्राप्त गरेको

रणनीतिक उद्देश्य ५. सुशासन, मानव अधिकारको सम्मान, लोकतान्त्रिक अभ्यासको विकास गर्ने ।
**रणनीतिक प्रतिफलः**
५.१. मानव अधिकारको सम्मान र नागरिक कर्तव्य पालनामा अभिबृद्धि भएको
५.२. राजनीतिक र सामाजिक संरचनाहरु समावेशी भएको
५.३. घटना दर्ता र न्यायमा समुदायको सहज पहुँच भएको
५.४. समुदायले प्राप्त गर्ने सेवाको गुणस्तर बृद्धि भएको
५.५. सामाजिक सुरक्षा, सामुदायिक मेलमिलाप, समानता र सदाचार प्रबर्द्धन भएको

रणनीतिक उद्देश्य ६. प्राकृतिक प्रकोपको असर न्युनिकरण तथा सुरक्षित भौतिक संरचना निर्माण गर्न सामुदायिक क्षमता र सिप विकास गर्ने ।

**रणनीतिक प्रतिफलः**

६.१. प्रकोपको असर कम गर्ने उपायहरुको अबलम्वन भएको
६.२. प्रकोपका क्षेत्रमा सामुदायिक मानवीय स्रोत विकास भएको
६.३. सुरक्षित, बाल तथा अपाङ्गमैत्री भौतिक संरचना भएको
६.४. जीवन सुरक्षा संचेतीकरण क्लबहरु क्रियाशील भएका
६.५. आपतकालिन सामुदायिक सहयोग कोष स्थापना भएका

रणनीतिक उद्देश्य ७. जलवायु परिवर्तन अनुकुलन एवम् बातावरण संरक्षणका लागि नीति र कार्यक्रम विकास गरी कार्यान्वयन गर्ने ।

७.१. जलवायु परिवर्तनको अनुकुलन नीति र कार्यक्रम विकास भएको
७.२. सामुदायिक सहभागितामा वन व्यवस्थापन, जलस्रोत संरक्षण भएका
७.३. प्राकृतिक स्रोतको दिगो उपयोग बारे व्यवहारिक संचेतना विकास भएको
७.४. सामुदायिक पूर्ण सरसफाई भएको
७.५. घरभित्रको धुवाँ व्यवस्थापन भएको

रणनीतिक उद्देश्य ८. स्थानीय सरकार, सामुदायिक संगठन र पीसविनको संस्थागत सुदृढिकरण गर्ने ।

**रणनीतिक प्रतिफलः**

८.१. स्थानीय सरकार, सामुदायिक संगठनहरुमा संस्थागत सुशासन अभिबृद्धि भएको
८.२. सामुदायिक विकासमा स्थानीय समूह र तिनका नेटवर्कहरु क्रियाशील भएको
८.३. पीसविन एक सुशासनयुक्त उदाहरणीय स्रोत संस्थाको रुपमा विकास भएको
८.४. सेवा प्रदायकहरुको सहभागिामुलक अनुगन, मूल्याङ्कन प्रणाली विकास भएको
८.५. आपसी सिकाई व्यवस्थापन भएको

बिस्तृत कार्ययोजना अनुसूची १ मा छ ।

### ४.६. रणनीतिक आयामहरु (Strategic Approaches):

यस रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयन गरी योजनाका उद्देश्य प्राप्त गर्न तपसिलका आयामहरुको अवलम्बन गर्नेछः

**क. संलग्नता (Engagement)**

समुदाय, स्थानीय, प्रदेश र राष्ट्रियस्तरका निजी (Private), सार्वजनिक (Public) र संस्थागत (Institutions) निकायहरुसँग सहकार्य र सहयोग आदान-प्रदान गरेर काम गरिन्छ ।

**ख. सघनीकरण र मूलप्रवाहीकरण (Integration & Mainstreaming)**

पीसविनका आन्तरिक र कार्यक्रम क्षेत्रका अन्य निकायहरुका कार्यक्रम बीच सघनीकरण गरी कार्यक्रमको प्रभावकारीता र सक्षमता अभिबृद्धि गरिने छ । मान्छे बीच बिभिन्न नाममा हुने विभेद (जातीय, लैङ्गिक, साम्प्रदायिक आदि) का विरुद्धका अभियानहरु पीसविनका हरेक गतिविधिमा मूलप्रवाहीकरण गरिन्छ ।

**ग. नमूना प्रदर्शन (Role Model)**

पीसविनका सदस्य र कर्मचारी अभियन्ता मात्र होइनन्, सेवाधारक (Right Holders) पनि हुन् । सामाजिक रुपान्तरण, सुशासन, कार्यवहनता, जिम्मेवारी जस्ता क्षेत्रमा आफै नमुना बनेर प्रस्तुत हुन तत्पर रहन्छौं ।

**घ. एकापस (Connecting Others)**

बिभिन्न स्तरमा समान उद्देश्य भएका व्यक्ति, संस्था, निकाय, तहसँग तत्कालिन, मध्यकालिन र दीर्घकालिन साझेदारी गरिन्छ । एक-आपसमा सवालगत (Issue Based) सशक्तिकरण, न्याय, शान्ति र समृद्धिका लागि आवश्यकतानुसार Partnership, Networking, Alliance, Coallition, Cooperation, Coordination गरिन्छ ।

**ङ. नविनतम् (Innovation)**

सामाजिक परिवर्तनका लागि सहभागितामुलक नयाँ अध्ययन, खोज तथा अनुसन्धान गरिन्छ ।

**च. ज्ञान व्यवस्थापन (Knowledge Management) :**

पीसविनको सिकाइ बिस्तार गर्न कामको अभ्यास, अनुभव, सूत्र र विधि, सिकाइको अभिलेखीकरण, वितरण र उद्देश्यमा समान क्षेत्रमा अरुबाट सिक्ने र काम गर्ने संकृतिलाई जीवन्त राखिन्छ ।

## भाग - ५
## रणनीतिक योजना कार्यान्वयन र जोखिम विश्लेषण

### ५.१. योजना कार्यान्वयन

रणनीतिक योजना कार्यान्वयनको लागि पीसविनमा संगठन, कार्यक्रम विकास, अनुसन्धान तथा प्रकाशन विभाग रहन्छन् । यी विभागको नेतृत्व कार्यमिति सदस्यहरुले गर्दछन् । नीतिगत निर्णय, अनुगमन र संचालनका लागि कार्यसमिति जिम्मेवार हुन्छ । कार्यसमितिलाई आवश्यक सहयोग गर्न सल्लाहकार समिति हुन्छ । तत्काल कार्यसमितिले गर्ने काम गर्न स्थायी समिति रहन्छ । पीसविनले अन्य जिल्लामा दर्ता भएका जिल्ला पीसविनहरुको क्षमता विकास, स्रोत व्यवस्थापन, कार्यक्रम कार्यान्वयन गर्न सहयोग गर्दछ । कार्यक्रम प्रबन्धकको नेतृत्वमा व्यवस्थापन टीम (कर्मचारीहरु) रहन्छ । परियोजना कार्यान्वयनका लागि कार्यक्रम संयोजकको नेतृत्वमा कर्मचारी समूह रहन्छ । कार्यसमिति र व्यवस्थापन टिम बीचको समन्वय, नीति-निर्णय कार्यान्वयनको अनुगमन र आवश्यक सहजीकरण नीति प्रेरक (Procedure Inspirer) ले गर्दछन् । संघीय तहमा संस्थागत सम्बन्ध बिस्तार र समन्वय, स्रोत खोजी, काठमाण्डौंबाट गर्नुपर्ने लजिष्टीक कार्य कार्यकारी निर्देशकले गर्दछन् । सुदूरपश्चिम प्रदेशको राजधानी धनगढीमा रहेको पीसविन प्रदेश कार्यक्रम समन्वय कार्यालयले प्रदेशस्तरको संस्थागत समन्वय र जिल्लाहरुकमा संचालन भएका कार्यक्रम संचालनमा सहजीकरण र आवश्यकतानुसार नेतृत्व गर्दछ । जिल्ला पीसविन वा पीसविनको जिल्ला कार्यक्रम व्यवस्थापन समितिले सम्बन्धित जिल्लामा कार्यक्रम संचालनमा व्यवस्थापन समूहको कार्यसम्पादन हेर्ने, अनुगमन, संस्थागत सम्बन्ध र समन्वय गर्दछन् । पीसविनका हरेक परियोजना कार्यान्वयनमा सहजीकरण, अनुगमन, साझेदारहरु र कार्यसमितिसँग समन्वय र संचार गर्न कार्यसमितिका सदस्य संयोजक र कार्यक्रम प्रबन्धक, सम्बन्धित परियोजना प्रमुख, प्रशासन तथा लेखा अधिकृत सदस्य रहेको कार्यक्रम समन्वय समिति रहन्छ । हरेक परियोजनाको वार्षिक कार्यान्वयन योजना तयार गरिन्छ । संस्थाको वार्षिक अनुगमन योजना हुन्छ । समुदाय तथा सरोकारवालाहरुको सहभागितामा योजनाको आवधिक पुनरावलोकन हुन्छ । कर्मचारीहरुको आवधिक तथा वार्षिक कार्यसम्पादन मूल्याङ्कन गरिन्छ ।

दीर्घकालिन रणनीतिक योजनाको वार्षिक पुनरावलोकन गरिन्छ । संस्थाको दैनिक प्रशासनिक कार्य प्रशासन तथा वित्तीय शाखा प्रमुखको नेर्तत्वमा हुन्छ । कार्यसमिति, स्थायी समिति, सम्पूर्ण कर्मचारी, सुपरभाईजर कर्मचारी, परियोजना कर्मचारी, प्रशासन तथा संचालन कर्मचारीहरुको तोकिएअनुसार तथा आवश्यकतानुसार बैठक गरी अधिकारक्षेत्र भित्र निर्णय गरी कार्यान्वयन गरिन्छ । पीसविनका कार्यक्रमको प्रभावकारीताका लागि सरोकारवाला, साझेदार, कार्यसमिति, सुपरभाईजरहरुबाट नियमित अनुगमन गरिन्छ । अनुगमन, आन्तरिक र बाह्य लेखापरीक्षण, संस्थाको वार्षिक सामाजिक लेखाजोखाबाट आएका सुझाव अनुसार सुधार गरिन्छ । पीसविनका वार्षिक कार्यक्रम स्थानीय सरकारका वार्षिक/आवधिक कार्यक्रमसँग समन्वय गरी वार्षिकसभाबाट अनुमोदन गराएर संचालन गरिन्छ । सुशासन र जवाफदेहिताको प्रबर्द्धनका लागि संचार माध्यमसँग सहकार्य हुन्छ । संस्थागत गुनासो, सल्लाह सुझावको सम्वोधनको लागि उपाध्यक्षको नेतृत्वमा गुनासो सुनुवाई सयन्त्र क्रियाशील छ । संस्थाका वार्षिक साधारणसभाले संस्थागत र कार्यक्रमका आवश्यक नीति निर्माण गर्छन् । संस्थागत कानुनी आधारहरु समयमै पूरा गरिन्छ ।

बाल समूह, महिला अधिकार मंच, कृषक समूह, विद्यालय व्यवस्थापन समिति, महिला स्वास्थ्य स्वयम्सेवीका, एकल महिला समूह, हलिया समूह, दलित नेटवर्क, एचआईभि संक्रमित समूह, सहकारी संस्था, युवा क्लब, खाद्य सुरक्षा तथा पैरवी नेटवर्क, पोषण समूह, किशोरी समूह लगायतका समूह र तिनका नेटवर्कहरुसँग हातेमालो गरेर कार्यक्रम संचालनको दायरा फराकिलो र सहभागितामुलक बनाइन्छ ।

## ५.२. जोखिम विश्लेषण र न्युनिकरण

कार्यक्रम संचालन तथा संस्थागत विकासमा आउनसक्ने चुनौतीहरुका बारे पीसविन सचेत छ ।

| जोखिम | प्रकार | प्रभाव | व्यवस्थापनका उपाय |
|---|---|---|---|
| प्रदेश र संघीय तहका सरकारहरु फेरिरहने सम्भावना | राजनीतिक | स्रोत व्यवस्थापन, कार्यक्रम संचालन, सम्बन्ध र समन्वय | काठमाण्डौ. र धनगढीका कार्यालय र कार्यरत सदस्यहरुलाई जिम्मेवार बनाउने, साझेदारहरुसँग अध्यावधिक सम्पर्कमा रहने, स्थानीय तहमा बलियो समन्वय गरिने । |
| वैदेशिक सहयोग र नागरिक संगठन परिचालन गर्न सरकारले लिने नीति | राजनीतिक, सामाजिक | आर्थिक स्रोत, कार्यक्षेत्र निर्धारण, नीतिगत | सरकारको प्राथमिकता, बदलिंदो परिस्थिति अनुसार कार्यक्रम र कार्यनीति बारे पुनरावलोन गर्ने, कानुनी आधार समयमै पूरा गर्ने । |
| साझेदारहरुको कार्यक्रम प्राथमिकता र कार्यनीति बदलिन सक्ने | कार्यनीतिक | कार्यक्रम | स्थानीय आवश्यकता, परिवेश, सरकारी प्राथमिकताका आधारमा कार्यक्रम विकास गर्न पैरवी गर्ने । नवीन अवधारणाका कार्यक्रम प्रस्ताव गर्ने, नजिकबाट समन्वय र संचार गर्ने । |
| दक्ष मानवस्रोतको कमी | संस्थागत | स्रोत व्यवस्थापन र कार्यक्रम संचालन | क्षमता विकास गर्ने, स्रोत व्यवस्थापनका लागि आंशिक समयका मानवस्रोत व्यवस्थापन गर्ने, स्थानीय मानवस्रोत विकास, उचित सेवा-सुबिधा उपलब्ध गराउने । |

# भाग - ६

## अनुगमन तथा मूल्याङ्कन र रणनीति कार्यान्वयनको सांगठनिक संरचना

### ६.१. अनुगमन तथा मूल्याङ्कन

क) पीसविनको वार्षिक अनुगमन तथा मूल्याङ्कन योजना तयार गरी कार्यान्वयन गरिन्छ ।

ख) रणनीतिक योजनाको नियमित अनुगमन तथा मूल्याङ्कनका लागि पीसविनका संरचनागत योजना तयार गरिने छ । संचालन कर्मचारीहरुका बैठक, परियोजना कर्मचारीहरुका बैठक, सुपरभाईजरहरुका बैठक, सुपरभाइजर र कर्मचारीहरुको संयुक्त बैठक, कार्यसमितिका बैठक, साधारण सभामा पीसविनको संस्थागत विकास, कार्यक्रमका अवस्था बारे उत्पादित प्रतिवेदन, कार्यक्रम क्षेत्र अनुगमनका प्रतिवेदन माथि छलफल हुन्छ ।

ग) परियोजना प्रमुखले मासिक, कार्यक्रम प्रबन्धकले मासिक, वित्तीय अधिकृतहरुबाट त्रैमासिक, कार्यसमितिका सदस्यहरुबाट त्रैमासिक, कार्यसमितिका अध्यक्ष तथा सदस्य र परियोजना प्रमुखको संयुक्त टीमबाट त्रैमासिक अनुगमन हुन्छ ।

घ) स्थानीय तहका विषयगत समितिका संयोजक तथा प्रतिनिधि र पीसविनको संयुक्त अनुगमन टीमबाट वार्षिक अनुगमन हुन्छ ।

ङ) संचालित कार्यक्रमहरुको मध्यावधि र अन्तिम मूल्याङ्कन गरिन्छ । मूल्याङ्कनमा तेस्रो पक्षको संलग्नता रहने छ ।

च) संस्थाका साना नगदी कोष, आर्थिक र जिन्सी व्यवस्थापनको अनुगमन कार्यक्रम प्रबन्धक, अध्यक्ष, कोषाध्यक्षले कुनै पनि समयमा गर्नसक्छन् ।

छ) आन्तरिक लेखापरीक्षण समितिले वर्षमा एक पटक आन्तरिक लेखापरीक्षण गर्छन् ।

ज) वाह्य लेखापरीक्षण र वार्षिक प्रतिवेदन सम्बन्धित साझेदार र निकायमा पेश गरिन्छ ।

झ) क्रियाकलापका सार्वजनिक लेखारीक्षण तत्काल गरिन्छ । संस्थाको वार्षिक सामाजिक लेखाजोखा निरन्तर हुन्छ ।

ट) संस्थागत विकास र कार्यक्रमका विषयमा सुझाब र सल्लाहका लागि टोल फ्रि नम्बर, बाल सहायता नम्बर १०९८ को प्रयोग हुन्छ ।

ठ) आन्तरिक र वाह्य (सरोकारवालाबाट) गुनासो सुनुवाई सन्यन्त्र छ । यसको प्रभावकारी संचालन हुन्छ ।

अनुगमनका लागि तत्काल कार्यनिर्देशिका (Terms of References) तयार गरिन्छ । अनुगमनमा खटिएका अनुगमनकर्ताहरुले अनुगमन प्रतिवेदन तयार गरी पेश गर्दछन् । कार्यक्रम प्रबन्धक मार्फत अनुगमन प्रतिवेदन, परियोजनाका प्रतिवेदन, आन्तरिक बाह्य लेखापरीक्षण आगामी कार्यसमितिको बैठकमा छलफल र सुझावका लागि पेश गरिन्छन् ।

### ६.२. पीसविनको संस्थागत सांगठनिक संरचना



## अनुसूची - १
## रणनीतिक योजनाको बिस्तृत कार्ययोजना

रणनीतिक उद्देश्य १. गुणस्तरीय, सर्वशुलभ सार्वजनिक शिक्षा बालअधिकार कार्यान्वयनको सुनिश्चित गर्ने ।

रणनीतिक प्रतिफल १.१. बालअधिकार शिक्षाको प्रचार-प्रसार र सम्बर्द्धन र भएको    रकम रु. ००,०००/- मा

| रणनीति | क्रियाकलाप | उपलब्धीका सूचकहरु | बजेट | समय |
|---|---|---|---|---|
| १.१.१. बाल अधिकार शिक्षाको प्रचार-प्रसार गर्ने । | • बाल समूह/संजाल पुन/र्गठन र क्षमता विकास<br>• बाल अधिकार र विकास रेडीयो कार्यक्रम<br>• बाल समूहका कार्यक्रममा सहयोग<br>• बाल हेल्पलाईनको निरन्तरता<br>• परिवारमा छलफल | • बाल समूहको संख्या<br>• बालअधिकार तालीम र अध्ययन सामग्री<br>• ४ वटा जिल्लास्तरीय बाल संजाल क्रियाशील हुने<br>• ४०० वटा रेडियो इपिसोड प्रसारण भएका हुने<br>• २५ वटा विद्यालयमा बाल समूह सक्रिय भएको हुने<br>• समुदायमा सक्रिय बाल समूह र समूहले संचालन गरेका क्रियाकलाप<br>• बाल हेप्ललाईन १०९८ मा प्राप्त सूचना र सवाल संख्या | १२० | ५ वर्ष |
| १.१.२. बाल अधिकार सरोकारवालाहरुको परिचालन गर्ने । | • बाल अधिकार परिषद्का गठन र बाल अधिकार संरक्षण अधिकृत<br>• सरोकारवालाको क्षमता विकास<br>• बालबालिकाको क्षेत्रमा स्रोत अभिबृद्धि<br>• स्थानीय तहका नीति | • ५ वटा स्थानीय तहमा बालअधिकार परिषद् गठन र बाल अधिकार संरक्षण अधिकृत नियुक्ती<br>• ५०० जना सरोकारवालाको क्षमता विकास<br>• १० वटा स्थानीय तहले बालअधिकारको क्षेत्रमा कार्यक्रम योजना कार्यान्वयन<br>• १५ वटा स्थानीय तहका बालअधिकार संरक्षण नीति निर्माण र कार्यान्वयन | १०० | ४ वर्ष |
| १.१.३. बालअधिकार रेडियो कार्यक्रम संचालन गर्ने | • साप्ताहिक, पाक्षिक रेडियो कार्यक्रम<br>• रेडियो जिंगल प्रसारण<br>• स्रोता सर्भेक्षण | • ३०० वटा स्थानीय रेडियो कार्यक्रम विकास र प्रसारण भएका<br>• १२२१ पटक बालअधिकार रेडियो जिंगल प्रसारण भएका<br>• १२ वटा बालअधिकार रेडियो स्रोता क्लब गठन र क्रियाशील भएका | १५ | ३ वर्ष |

रणनीतिक प्रतिफल १.२. गुणस्तरीय बालमैत्री शिक्षाको विकास भएको

| रणनीति | क्रियाकलाप | उपलब्धीका सूचकहरु | बजेट | समय |
|---|---|---|---|---|
| १.२.१. शिक्षकहरुको क्षमता अभिबृद्धि गर्ने | • शिक्षक तालीम<br>• सामुदायिक अन्तरक्रिया<br>• अध्ययन भ्रमण<br>• प्रविधि उपयोग (सामाजिक आम संचार | • तालीम प्राप्त शिक्षक संख्या<br>• तालीमको प्रयोग गर्ने विद्यालय संख्या<br>• अभिभावक-विद्यार्थी-शिक्षक अन्तरक्रिया पटक<br>• अध्ययन भ्रमणमा सहभागी शिक्षक संख्या | ५० | ४ वर्ष |

| | | | | |
|---|---|---|---|---|
| | माध्यमको प्रयोग)<br>● योग्य शिक्षकलाई सम्मान गर्ने | ● सामाजिक आमसंचार माध्यमबाट शैक्षिक सिकाइ प्राप्त गर्ने शिक्षक संख्या<br>● विद्यालयको विकासको लागि समुदायको सहभागिता स्तर | | |
